**संघीय संसद**

**राष्ट्रिय सभा**

**नवौं अधिवेशन**

**बैठक -१**

**सूचनापत्र - २**

**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

*बैठक प्रारम्भ : अपराह्न ४:०० बजे*

*बैठक अन्त्य : अपराह्न ५:०० बजे*

*बैठक अवधि : ६० मिनेट*

**२०७८ साउन ३, आइतवार**

---

संघीय संसद, राष्ट्रिय सभाको **नवौं अधिवेशन**को पहिलो बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा **अपराह्न ४:००** बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले सभाको नवौं अधिवेशनको पहिलो बैठकमा पाल्नुभएका सम्पूर्ण माननीय सदस्यहरूलाई स्वागत गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय राष्ट्रपतिबाट अधिवेशन आह्वान सम्बन्धमा प्राप्त पत्रको बेहोरा पढेर सुनाउनुभयो।

"मितिः २०७८ असार ३१

सम्माननीय अध्यक्ष,

राष्ट्रिय सभा,

सिंहदरबार, काठमाडौं।

नेपालको संविधानको धारा ९३ को उपधारा *(१) बमोजिम संवत् २०७८ साल साउन ३ गते आइतवार दिनको १६:०० बजे अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र, नयाँ बानेश्वर, काठमाडौंमा सङ्घीय संसदका दुवै सदन प्रतिनिधि सभा र राष्ट्रिय सभाको अधिवेशन आह्वान गरेको छु।*

*(विद्यादेवी भण्डारी)* "

त्यसपछि सभाले लोकतन्त्र प्राप्तिका लागि जीवन उत्सर्ग गर्ने ज्ञात-अज्ञात सहिदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न उठेर दुई मिनेट मौन धारण गऱ्यो।

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट प्रधानमन्त्री पदमा नियुक्तिसम्बन्धी प्राप्त पत्रको बेहोरा पढेर सुनाउनुभयो।

"मिति : २०७८/०३/२९

विषय : प्रधानमन्त्री पदमा नियुक्ति।

श्रीमान् महासचिवज्यू,
सङ्घीय संसद सचिवालय,
सिंहदरबार, काठमाडौं।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले श्री सर्वोच्च अदालत, संवैधानिक इजलासले मिति २०७८/३/२८ मा गरेको नेपालको संविधानको धारा ७६ को उपधारा (५) को व्याख्या सहितको फैसला बमोजिम प्रतिनिधि सभाका सदस्य एवम् नेपाली कांग्रेस संसदीय दलका नेता माननीय श्री शेरबहादुर देउवाज्यूलाई नेपालको संविधानको धारा ७६ को उपधारा (५) बमोजिम प्रधानमन्त्री पदमा मिति २०७८/३/२९ गते नियुक्त गर्नु भएको बेहोरा अनुरोध गर्दछु।

(तोयनारायण ज्ञवाली)

सचिव”

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट मन्त्रिपरिषद् गठन सम्बन्धमा प्राप्त पत्रको बेहोरा पढेर सुनाउनुभयो।

"मिति : २०७८/०३/२९

विषय : मन्त्रिपरिषद्को गठन सम्बन्धमा।

श्रीमान् महासचिवज्यू
संङ्घीय संसद सचिवालय,
सिंहदरवार, काठमाडौं।

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको सिफारिसमा मिति २०७८/३/२९ गते देहायबमोजिमको मन्त्रिपरिषद् गठन गरी कार्यविभाजनसमेत गर्नु भएको बेहोरा अनुरोध गर्दछु।

| **क्र.सं.** | **नाम, थर** | **पदनाम** | **कार्यविभाजन** |
|---|---|---|---|
| १ | श्री शेरहादुर देउवा | प्रधानमन्त्री | उद्योग, वाणिज्य तथा आपूर्ति; कृषि तथा पशुपन्छी विकास; खानेपानी; परराष्ट्र; भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण; भौतिक पूर्वाधार तथा यातायात; महिला, |

| | | | |
|---|---|---|---|
| | | | बालबालिका तथा ज्येष्ठ नागरिक; युवा तथा खेलकुद; रक्षा; वन तथा वातावरण; शिक्षा, विज्ञान तथा प्रविधि; श्रम, रोजगार तथा सामजिक सुरक्षा; संस्कृति, पर्यटन तथा नागरिक उड्डयन; सङ्घीय मामिला तथा सामान्य प्रशासन; सञ्चार तथा सूचना प्रविधि; सहरी विकास र स्वास्थ्य तथा जनसङ्ख्या |
| २ | श्री बालकृष्ण खाँण | मन्त्री | गृह |
| ३ | श्री ज्ञानेन्द्रबहादुर कार्की | मन्त्री | कानून, न्याय तथा संसदीय मामिला |
| ४ | श्री पम्फा भुसाल | मन्त्री | ऊर्जा, जलस्रोत तथा सिँचाइ |
| ५ | श्री जनार्दन शर्मा | मन्त्री | अर्थ |

(तोयनारायण ज्ञवाली)

सचिव"

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको नवौं अधिवेशन प्रारम्भ भएको अवसरमा आफ्नो मन्तव्य राख्नका लागि राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने दलहरूका तर्फबाट देहायका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

१. माननीय राधेश्याम अधिकारी
२. माननीय सुमनराज प्याकुरेल
३. माननीय दीनानाथ शर्मा
४. माननीय शेखर कुमार सिंह
५. माननीय प्रमिला कुमारी

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **संवत् २०७८ साल साउन ७ गते बिहीवार दिनको १:०० बजे** बस्ने गरी **अपराह्न ५:००** बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव

**संघीय संसद**

**राष्ट्रिय सभा**

**नवौं अधिवेशन**

**बैठक -२**

**सूचनापत्र -२**

**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

*बैठक प्रारम्भ : दिनको १:०० बजे*

*बैठक अन्त्य : दिनको २:३५ बजे*

*बैठक अवधि : ९५ मिनेट*

**२०७८ साउन ७, बिहीवार**

---

संघीय संसद, राष्ट्रिय सभाको नवौं अधिवेशनको दोस्रो बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले "शून्य समय"मा बोल्नका लागि देहायका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो ।

**मा. उदया शर्मा/पौडेल**ले कोभिड संक्रमणको दर थोरै घट्दा हेलचेक्र्याइँ बढ्ने गरेको तर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. जग प्रसाद शर्मा**ले निजामती सेवा विधेयक अगाडि बढाउन सरकारसँग माग गर्नुभयो ।

ततपश्चात, सम्माननीय अध्यक्षले देहायका माननीय सदस्यहरूलाई "विशेष समय" समयमा बोल्न समय उपलब्ध गराउनुभयो ।

**मा. देवेन्द्र दाहाल**ले अदालतले संसद पुनःस्थापना र प्रधानमन्त्रीको नियुक्तिका सम्बन्धमा गरेको फैसलाप्रति जनताबाट विभिन्न प्रश्नहरू उठिरहेकाले अदालतको निर्णय उचित नभएको विचार व्यक्त गर्नुभयो ।

**मा. रमेश जंग रायमाझी**ले सर्वोच्चले दिएको परमादेश नै जनादेश भएको ठहर गर्दै सर्वोच्चको फैसला सही रहेको बताउनु हुँदै उक्त निर्णयले संसद तथा संसदीय व्यवस्थालाई समेत बचाएको दाबी गर्नुभयो।

**मा. रामनारायण विडारी**ले निर्वाचित सांसदहरू नै जनादेश भएको र माननीय सांसदहरूले दिने आदेश नै परमादेश भएको दाबी गर्नु हुँदै सरकारले आफ्नो घोषणापत्र अनुसार काम नगरेको आरोप लगाउनुभयो।

**मा. ठगेन्द्र प्रकाश पुरी**ले बजारमा एकै वस्तुका मूल्यहरूमा असमानता रहेको तथा उत्पादित वस्तुहरू गुणस्तरीय, वातावरणमैत्री, सबैको पहुँचयोग्य तथा सुपत मूल्यको नरहेको बताउनु हुँदै सरकारले बजार व्यवस्थापनलाई उचित सम्बोधन गर्नुपर्ने माग राख्नुभयो ।

**मा. विमला राई पौड्याल**ले नागरिकतासम्बन्धी विधेयक लामो समयसम्म पनि पारित गर्न नसक्दा लाखौं युवाहरू र एकल आमाका सन्तानहरू नागरिकताबाट वञ्चित हुनु परेको र सोही कारणले रोजगारीबाट समेत बञ्चित हुनुपरेको अवस्था रहेकाले नागरिकतासम्बन्धी विधेयक शीघ्र पारित गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

**मा. चक्र प्रसाद स्नेही**ले सामाजिक अपराधका विभिन्न समसामयिक घट्नाका कारबाहीसम्बन्धी के कस्तो अवस्था रहेको छ भनी गृह मन्त्री समक्ष प्रश्न राख्नुभयो। साथै सुकुम्बासी समस्या समाधानका लागि गठित आयोगले आफ्नो काम निरन्तरता देओस् भन्ने माग गर्नुभयो ।

**मा. खिमलाल देवकोटा**ले संविधान कार्यान्वयन गर्ने यसका संरक्षक र पालकबाट नै संविधानको पटक पटक गला रेट्ने काम भन्दै दुःख व्यक्त गर्नुभयो ।

**मा. कोमल वली**ले न्यायालयले राजनीतिक दल सम्बन्धमा गरेको फैसला प्रति आपत्ति जनाउँदै न्यायलय बढी संक्रिया भएमा सरकारका अङ्गहरूमा नियन्त्रण र सन्तुलनको सिद्धान्तले काम गर्न नसक्ने विचार व्यक्त गर्नुभयो ।

**मा. भैरव सुन्दर श्रेष्ठ**ले जनादेश र परमादेश फरक विषय भएको र सर्वोच्च अदालतले गरेको निर्णय जनादेश विपरीत रहेको भन्दै उक्त फैसलाप्रति विमति जनाउनुभयो।

**मा. अनिता देवकोटा**ले सेवा प्रदायक सरकरी निकायहरू भ्रष्टाचारमा डुबेको र विभिन्न आयोजनाहरू अलपत्र परेको हुँदा अनियमितता बढेकाले उक्त आयोजनाहरूलाई समयमै सम्पन्न गर्नुपर्ने माग राख्नुभयो ।साथै सुशासन कायम राख्न सरकारले न्यायिक प्रणालीलाई चुस्त र दुरुस्त राख्नु पर्ने विचार समेत व्यक्त गर्नुभयो ।

विशेष समयको समाप्तिसँगै सम्माननीय अध्यक्षले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत राष्ट्रपतिको कार्यालयबाट अध्यादेश खारेज सम्बन्धी प्राप्त पत्रको बेहोरा पढेर सुनाउनुभयो।

"सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूले नेपाल सरकार, मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा ११४ को उपधारा (२) को खण्ड (ख) बमोजिम “संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७८ मिति २०७८/४/०३ गते खारेज गर्नुभएको व्यहोरा जानकारीका लागि अनुरोध गर्दछु।

(तोयनारायण ज्ञवाली)
सचिव"

त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाको तर्फबाट माननीय गृह मन्त्री बालकृष्ण खाणलाई “न्याय परिषद् र न्याय सेवा आयोगको वार्षिक प्रतिवेदन, २०७६/०७७” सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभयो ।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक संवत् २०७८ साल साउन ८ गते शुक्रबार दिनको १:०० बजे बस्ने गरी २:३५ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव

संघीय संसद

राष्ट्रिय सभा

नवौं अधिवेशन

बैठक -३

सूचनापत्र -२

(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : दिनको १:०० बजे*

*बैठक अन्त्य : दिनको २:३० बजे*

२०७८ साउन ८, शुक्रवार

---

संघीय संसद, राष्ट्रिय सभाको नवौं अधिवेशनको तेस्रो बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले "विशेष समय" मा बोल्नका दलीय आधारमा लागि देहायका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो।

**माननीय प्रकाश पन्थ**ले प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा सत्तारूढ दलको कुनै पनि बैठक वा कार्यक्रम नगर्ने प्रधानमन्त्रीको निर्णय स्वागतयोग्य भएको बताउनु हुँदै संसद्मा उठेका विषय सचिवालयले तत्काल लेखी पठाउनुपर्ने र सम्बद्ध निकायले उक्त सवालहरूको जवाफ शीघ्र दिनुपर्ने माग गर्नुभयो।

**माननीय खिम लाल भट्टराई**ले सरकार बनाउने कार्यको नेतृत्व सर्वोच्च अदालतले लिनु विश्व इतिहासमा नै नभएको कार्य भएको बताउनु हुँदै जनादेशको सरकारलाई परमादेशबाट अपदस्त गर्नु दुर्भाग्यपूर्ण भएकोमा चिन्ता व्यक्त गर्नुभयो।

**माननीय जग प्रसाद शर्मा**ले बोली अनुसारको व्यवहार नगर्ने, संविधान र लोकतान्त्रिक मूल्यमान्यताको पालना नगर्ने र असंवैधानिक रूपमा संसद् विघटन गर्ने जस्ता कार्यहरूकै आधारमा केपी ओली सरकारको मूल्याङ्कन भएको दाबी गर्नुभयो।

**माननीय भगवती न्यौपाने**ले राष्ट्रपतिप्रति गरिएको अवाञ्छित टिप्पणीबारे आपत्ति जनाउनु हुँदै केपी ओली सरकारका विषयमा अदालतले गरेको निर्णय गलत रहेको दाबी गर्नुभयो।

**माननीय रामचन्द्र राई**ले अघिल्लो सरकारले सुनिश्चित गरेको खोपको व्यवस्था यस सरकारले गर्नुपर्ने बताउनु हुँदै संवैधानिक राष्ट्रपतिलाई विवादमा तानिरहनु दुःखद भएको बताउनुभयो।

**माननीय शेरबहादुर कुँवर**ले कोरिया जान भाषा परीक्षा उत्तीर्ण गरिसकेका नेपाली युवाहरू लामो समयदेखि नेपालमै रहेकाले कूटनीतिक पहल गरेर उनीहरूलाई कोरिया जाने वातावरण सिर्जना गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय विना पोखरेल**ले नेपाली जनताले लडेको जनयुद्ध र ऐतिहासिक आन्दोलन एवम् मधेश आन्दोलनको प्रतिफलका रूपमा भएको संविधान ,गणतान्त्रिक प्रणाली ,राज्यको सङ्घात्मक ढाँचा ,धर्म निरपेक्षता एवम् समावेशी समानुपातिकको ठिक ढङ्गले कार्यान्वयन गर्दै त्यसभित्र रहेका कतिपय अपूर्णतालाई पूर्णता दिँदै लैजाने काम गर्नुपर्ने र नेपाली जनतालाई सच्चा लोकतान्त्रिक व्यवस्था अनुभूति दिलाउन सक्नुपर्ने बताउनुभयो।

**माननीय दिल कुमारी रावल थापा )पार्वती(** ले सर्वोच्च अदालतको फैसलाले नेपालको राजनीतिमा विकृति ,विसङ्गति र अराजकता भित्र्याउने निश्चय भएको बताउनु हुँदै कोरोनाविरुद्धको खोप लगाउने विषयमा ज्येष्ठ नागरिकलाई सहज वातावरण सिर्जना हुनुपर्ने माग गर्नुभयो। उहाँले रोकिएको राष्ट्रिय जनगणनाका विषयमा समेत सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय जितेन्द्र नारायण देव**ले अवाञ्छित रूपमा अदालत ,प्रधानमन्त्री र अन्य वामपन्थी नेताहरूमाथिको आक्रमण निरर्थक भएको बताउनु हुँदै संविधानको व्याख्या गर्ने अधिकार संविधानले न्यायपालिकालाई दिएकाले अदालतको निर्णयका विषमा अनावश्यक टिप्पणी गर्न नहुने विषयमा ध्यानाकर्षण गराउनुभयो।

विशेष समयको समाप्तिसँगै सम्माननीय अध्यक्षले प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट माननीय कानून ,न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्रबहादुर कार्कीलाई "राष्ट्रिय मानव अधिकार आयोगको वार्षिक प्रतिवेदन ,२०७६/०७७ "सभासमक्ष पेस गर्न समय उपलब्ध गराउनुभयो ।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक संवत् २०७८ साल साउन १२ गते आइतवार दिनको १:०० बजे बस्ने गरी २:३० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव

**संघीय संसद**

**राष्ट्रिय सभा**

**नवौं अधिवेशन**

**बैठक -४**

**सूचनापत्र -२**

**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

*बैठक प्रारम्भ : दिनको १:०० बजे*

*बैठक अन्त्य : दिनको २:४० बजे*

**२०७८ साउन १२, मङ्गलवार**

---

संघीय संसद, राष्ट्रिय सभाको नवौं अधिवेशनको चौथो बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **शून्य समय**मा बोल्नका लागि निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**माननीय दिल कुमारी रावल थापा (पार्वती)** ले वित्तीय सङ्घीयताको प्रभावकारी कार्यान्वयनका लागि प्राकृतिक स्रोतसम्बन्धी एकीकृत कानुन तत्काल निर्माण गर्न, एकल र साझा अधिकार सूचीका विषयमा थप स्पष्ट पार्न र स्थानीय तहलाई प्रदान गरिने अनुदानलाई एकीकृत र नतिजामुखी बनाउन नीति बनाउनुपर्नेतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय नन्दा चपाई**ले राष्ट्रपति महिला उत्थान कार्यक्रम प्रभावकारी भएको बताउनु हुँदै उक्त कार्यक्रमलाई थप प्रभावकारी बनाउन सिफारिस गर्ने प्रक्रियालाई सरलीकरण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय प्रकाश पन्थ**ले निर्मला पन्तको हत्यासम्बन्धी फाइल तत्काल खोल्न र कोरोनाका कारण थलिएका सार्वजनिक क्षेत्रका व्यापारी, व्यवसायी र मजदुरहरूको माग र समस्या तत्काल सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

शून्य समयको समाप्तिसँगै सम्माननीय अध्यक्षले **विशेष समय**मा बोल्नका लागि दलीय आधारमा देहायका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**माननीय तारादेवी भट्ट**ले कोरोनाको तेस्रो लहर आइसकेका सन्दर्भमा सबै सतर्क हुनुपर्ने, कूटनीतिक पहलबाट कोरोनाविरुद्ध खोप शीघ्र ल्याउनुपर्ने र निर्मला पन्तको हत्याका विषयमा सत्यतथ्य छानबिन गरी दोषीलाई कारबाही गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय विमला घिमिरे**ले राष्ट्रपतिप्रति लगाइएको भ्रमपूर्ण आरोपप्रति खेद व्यक्त गर्नु हुँदै परमादेशका माध्यमबाट प्रधानमन्त्री तोक्नु र दलीय व्यवस्थामा दलको ह्विप लाग्दैन भन्नु विश्व इतिहासमा नै नभएको अभ्यास भन्दै आश्चर्य प्रकट गर्नुभयो।

**माननीय माया प्रसाद शर्मा**ले कार्यपालिका र व्यवस्थापिकाको कुरा गरेर न्यायपालिकामाथि हमला भएको भन्नु हुँदै राष्ट्रपति संस्थाले आफ्नो गरिमा र मर्यादा कायम गर्नुपर्छ भन्ने विषयलाई रोइकराइ गरिएको भन्दै आश्चर्य लागेको बताउनुभयो।

**माननीय अगम प्रसाद वान्तवा राई**ले पछिल्लो राजनीतिक घटनाक्रमका विषयमा आफ्ना विचार राख्नु हुँदै भूमिहीन किसानहरूलाई जग्गा-धनी बनाउने सन्दर्भमा भूमिसम्बन्धी आयोगले तीव्रताका साथ काम गरिरहेकाले उक्त आयोगलाई खारेज नगरी काम गर्न दिनुपर्ने माग गर्नुभयो।

**माननीय तुलसा कुमारी दाहाल**ले राष्ट्रिय परीक्षा बोर्डले साउन ३१ गतेदेखि भौतिक उपस्थितिमा कक्षा १२ को परीक्षा सञ्चालन गर्ने जस्तो लापर्बाहीपूर्ण निर्णय गरेको भन्दै आपत्ति प्रकट गर्नु हुँदै वैकल्पिक विधिबाट परीक्षा सञ्चालन गर्न ध्यानाकर्षण गराउनुभयो।

**माननीय विमला राई पौड्याल**ले नेपालको वर्तमान संविधानका प्रावधान अस्पष्ट र विरोधाभासपूर्ण रहेकाले संविधानको व्याख्यामा स्पष्टता हुनुपर्ने माग गर्नुभयो। उहाँले सर्वोच्च अदातलले गरेको फैसलाको सम्बन्धमा अस्पष्टता र विरोधाभास रहेको भन्दै चार वटा प्रश्न समेत उठाउनुभयो।

**माननीय गोपाल भट्टराई**ले विगतमा ओली सरकारले गर्दा गर्दै थाँती रहेका आयोजना लगायतका कामहरू वर्तमान सरकारले अगाडि बढाउनुपर्ने विषयमा ध्यानाकर्षण गराउनुभयो।

**माननीय दिपा गुरुङ**ले पछिल्लो राजनीतिक घटनाक्रमका विषयमा बोल्नु हुँदै नागरिकतासम्बन्धी समस्या र कोरोनाका कारण सिर्जित जटिलताका विषयमा समेत ध्यानाकर्षण गराउनुभयो।

**माननीय गोपी बहादुर सार्की आछामी**ले पछिल्लो राजनीतिक घटनाक्रममा विषयमा आफ्ना विचार व्यक्त गर्नु हुँदै मोरङका दलित समुदायका दिदीबहिनीहरू शोभा र वर्षामाथि गैरदलितबाट भएको हिंसामा संलग्न दोषीलाई कारबाही गर्दै निजहरूको उपचार राज्यले गर्नुपर्ने माग गर्नुभयो।

**माननीय नैनकला ओझा**ले पछिल्लो समय न्यायालयले गरेको निर्णय संसदको अधिकारमाथिको हस्तक्षेप भएको दाबी गर्नुभयो।

**माननीय सुमित्रा बि.सी.** ले जाजरकोटको जीप दुर्घटनामा मृत्यु हुनेहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै धादिङमा मृत अवस्थामा भेटिएकी सम्झना रोका लगायत भागरथी समेतको हत्यामा संलग्नलाई कारबाहीको माग गर्नुभयो। साथै सम्माननीय राष्ट्रपतिप्रति विपक्षी दलका नेताहरूबाट होच्याउने र अपशब्द बोल्ने काम भएकोमा आपत्ति जनाउनुभयो।

**माननीय दृग नारायण पाण्डे**ले विगतको सरकारका प्रधानमन्त्री केपी शर्मा ओलीले पटकपटक संसद विघटन गरी संवैधानिक सर्वोच्चताको उल्लङ्घन गरेको आरोप लगाउँदै सर्वोच्च अदालतले संविधानको धारा ७६(५) लाई व्याख्या गरेर प्रधानमन्त्री पदमा शेरबहादुर देउवालाई नियुक्त गर्न दिएको आदेश नै जनमतको कदर भएको जिकिर गर्नुभयो।

विशेष समयको समाप्तिसँगै सम्माननीय अध्यक्षले राष्ट्रपतिको कार्यालयबाट राज्यमन्त्री नियुक्ति सम्बन्धमा प्राप्त पत्रको निम्नानुसारको बेहोरा पढेर सुनाउनुभयो।

"मितिः २०७८/४/१०

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको नेतृत्वमा मिति २०७८/३/२९ गते गठित मौजुदा मन्त्रिपरिषद्मा सम्माननीय प्रधानमन्त्रीज्यूको सिफारिसमा नेपालको संविधानको धारा ७६ को उपधारा (९) बमोजिम स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको जिम्मेवारी सम्माननीय प्रधानमन्त्रीज्यूसँगै रहने गरी माननीय श्री उमेश श्रेष्ठज्यूलाई राज्यमन्त्री पदमा नियुक्त गरी स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको कार्यभार तोक्नु भएको व्यहोरा अनुरोध गर्दछु।

(तोयनारायण ज्ञवाली)

सचिव "

त्यसपछि सम्माननीय अध्यक्षले **विधायन व्यवस्थापन समिति**का माननीय सभापति **परशु राम मेघी गुरुङ**लाई **"तथ्याङ्क विधेयक, २०७६ सम्बन्धी समितिको प्रतिवेदन"** लाई सभा समक्ष पेश गर्न समय उपलब्ध गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले पूर्व प्रतिनिधि सभा सदस्य **विष्णु बहादुर तामाङ**को निधन भएकोमा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुभयो :

**शोक प्रस्ताव**

"२०४८ सालको प्रतिनिधि सभा सदस्य विष्णु बहादुर तामाङको ७५ वर्षको उमेरमा मिति २०७८ साल जेठ २० गतेका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्व. तामाङ २०४८ सालको आम निर्वाचनमा सिराहा जिल्ला क्षेत्र नं. ५ बाट प्रतिनिधि सभामा निर्वाचित सदस्य हुनुहुन्थ्यो।

यो बैठक स्व. विष्णु बहादुर तामाङप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ।"

त्यसपछि सम्माननीय अध्यक्षले उक्त शोक प्रस्तावलाई पारित गरिदिन अनुरोध गर्नु हुँदा सर्वसम्मतिले पारित भएको कुराको घोषणा गर्नुभयो।

त्यसपछि सभाले पूर्व प्रतिनिधि सभा सदस्य **विष्णु बहादुर तामाङ**को निधनप्रति शोक व्यक्त गर्न उठेर एक मिनेट मौन धारण गऱ्यो।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **मिति २०७८ साल साउन १३ गते बुधवार दिनको १:०० बजे** बस्ने गरी दिनको २:४० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव

**संघीय संसद**

**राष्ट्रिय सभा**

**नवौं अधिवेशन**

**बैठक -५**

**सूचनापत्र -२**

**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

*बैठक प्रारम्भ : दिनको १:०० बजे*

*बैठक अन्त्य : दिनको २:४५ बजे*

**२०७८ साउन १३, बुधवार**

---

संघीय संसद, राष्ट्रिय सभाको नवौं अधिवेशनको पाँचौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले देहायका विषयहरुबारे **शून्य समय**मा बोल्नका लागि माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँदा निम्न बमोजिमका सदस्यहरु बोल्नुभयो :

**माननीय माया प्रसाद शर्मा**ले रुकुम पश्चिममा मनकला खत्री नामकी युवतीको बलात्कारपछि भएको हत्याको शीघ्र छानबिन गरी दोषीलाई कारबाही गर्नुपर्ने माग गर्नुभयो।

**माननीय विना पोखरेल**ले संसद भवनमा आधारभूत सुविधाहरु बैठक शुरु हुने समयदेखी मात्र नभै बैठकको अघि पछिको समयमा पनि उपलब्ध हुनुपर्ने माग गर्नुभयो ।

**माननीय विमला घिमिरे**ले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि छुट्ट्याइएको रकम खर्च नहुने हो कि भन्ने विषयमा चिन्ता व्यक्त गर्नुभयो।

**माननीय विमला राई पौड्याल**ले घरेलु श्रमिकको स्थानीय स्तरमा पञ्जीकरण गरी खोप लगाउने व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय शारदा देवी भट्ट**ले निर्मला पन्तको हत्याकाण्डको रहस्य बाहिर नआएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय सिंग बहादुर विश्वकर्मा**ले नागरिकतासम्बन्धी विधेयक शीघ्र पारित गर्नुपर्ने माग गर्नुभयो।

शून्य समयको समाप्तिसँगै सम्माननीय अध्यक्षले **विशेष समय**मा बोल्नका लागि दलीय आधारमा निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**माननीय प्रकाश पन्थ**ले अघिल्लो सरकारको अनियमिततालाई यस सरकारले बाहिर ल्याउनुपर्ने माग गर्नुहुँदै अबको सरकारको ध्यान सिंहदरबार र बालुवाटारमा मात्र नभई आम जनतातर्फ समेत केन्द्रीत हुनुपर्ने माग गर्नुभयो।

**माननीय देवेन्द्र दाहाल**ले संविधानमै नभएको परमादेशबाट सरकार ढाल्ने कार्य जनादेशविपरीत भएको दाबी गर्नुभयो।

**माननीय रामनारायण विडारी**ले परमादेश भन्ने शब्दलाई गलत रूपमा अर्थ्याइएको र यसको विरोध गरिएकोप्रति दु:ख व्यक्त गर्नुभयो।

**माननीय उदया शर्मा/पौडेल**ले सङ्घीय निजामती सेवा सम्बन्धी विधेयक शीघ्र पारित गर्नुपर्ने माग राख्नुभयो।

**माननीय शान्ती कुमारी अधिकारी जि.सी.** ले बागलुङ जिल्ला पर्यटकीय एवं धार्मिक स्थल भए तापनि सरकारको पर्याप्त ध्यान जान नसकेको तर्फ ध्यानाकर्षण गराउनुभयो।

**माननीय खिमलाल देवकोटा**ले सङ्घीयताबाट पछि हट्न नसकिने तर यसको सुधार एवं सुदृढीकरणको विकल्प नरहेको बताउनु हुँदै सङ्घीयताको सुधारका लागि अन्तरसम्बन्ध विस्तार एवं संस्थागत संरचानाको सुधार आवश्यक रहेको बताउनुभयो।

**माननीय चक्र प्रसाद स्नेही**ले ७५ वटा जिल्ला कायम रहँदा जिल्ला विकास समितिले वि.सं. २०५५ सालमा नियुक्त गरेका ४२ हजार कर्मचारीहरुको मुलुक सङ्घीयतामा प्रवेशसँगै स्थानीय तहमा समायोजन भएको तर हालसम्म ग्रेट वृद्धि नभएको बताउनु हुँदै उक्त विषयमा सम्बोधन गर्न सरकारसँग माग गर्नुभयो ।

**माननीय दिलकुमारी रावल थापा (पार्वती)** ले नागरिकतासम्बन्धी अध्यादेश खारेज भएकोतर्फ इङ्गित गर्दै धेरै नेपाली नागरिकलाई नागरिकताबाट वञ्चित गरिनु संवैधानिक प्रावधानविपरीत रहेको बताउनुभयो । उहाँले लोकतन्त्र, गणतन्त्र एवं सङ्घीयताको मूल्य-मान्यता र सिद्धान्तमा मात्र सीमित नरही दैनिक जीवनसँग समेत मेल खानुपर्ने विषय उठान गर्नुभयो।

**माननीय गंगा कुमारी बेलबासे**ले कोरोना कहरका कारण सुकुमवासी, मजदुर र श्रमिकहरू दयनीय अवस्थामा रहेकाले निजहरूको जीवन रक्षाका लागि सरकारले विशेष पहल गर्नुपर्ने माग गर्नुभयो।

**माननीय इन्दिरा देवी गौतम**ले सुकुमवासी र अव्यवस्थित बसोबास समस्या समाधानका लागि विभिन्न आयोग गठन भएका तर काम नगरेको र हाल गठित आयोगले धेरै हदसम्म राम्रो काम गरिरहेकाले यस विषयलाई राजनीतीकरण नगर्न आग्रह गर्नुभयो।

**माननीय जितेन्द्र नारायण देव**ले नेपालको संसदीय प्रणाली भारत तथा बेलायतको भन्दा गुणात्मक रूपमा फरक रहेको बताउनु हुँदै नेपाली माटो सुहाउँदो सुधारिएको संसदीय प्रणालीमा सरकार र संसद्को स्थायित्वका लागि नेपालको संविधानको धारा ७६ र धारा १०० मा विशेष व्यवस्था हुनु गर्वको विषय भएको बताउनुभयो ।

विशेष समयको समाप्तिसँगै सम्माननीय अध्यक्षले **राष्ट्रिय सरोकार तथा समन्वय समिति**का माननीय सभापति **दिल कुमारी रावल थापा (पार्वती)** लाई समितिको **आ.व. २०७७/०७८ को वार्षिक प्रतिवेदन** सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुभयो।

लगत्तै सम्माननीय अध्यक्षले कार्यसूचीको क्रम सङ्ख्या २ को (क) देखि (घ) सम्मका निम्नलिखित विषयहरू कार्यसूचीबाट हटाइएको बेहोरा जानकारी गराउनुभयो :

"सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाले:-

(क) विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको “नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७६ माथि छलफल गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

(ख) “नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७६ लाई पारित गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

(ग) विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको “नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७६ माथि छलफल गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।

(घ) “नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७६ लाई पारित गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्नुहुने।"

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **मिति २०७८ साल साउन १८ गते सोमवार दिनको १:०० बजे** बस्ने गरी दिनको २:४५ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव

**संघीय संसद**

**राष्ट्रिय सभा**

**नवौं अधिवेशन**

**बैठक -६**

**सूचनापत्र -२**

**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

*बैठक प्रारम्भ : दिनको १:०० बजे*

*बैठक अन्त्य : दिनको २:२० बजे*

**२०७८ साउन १८, सोमवार**

---

संघीय संसद, राष्ट्रिय सभाको नवौं अधिवेशनको छैटौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री बालकृष्ण खाणले समसामयिक विषयमा बोल्नका लागि समय माग गर्नु भएको जानकारी गराउनु हुँदै उहाँलाई समय उपलब्ध गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १९२ बमोजिम माननीय गृह मन्त्री बालकृष्ण खाणले दिनु भएको वक्तव्यका सम्बन्धमा केन्द्रित रही प्रश्न सोधन चाहनु हुने निम्न माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

१. मा. कोमल वली

२. मा. ठगेन्द्र प्रकाश पुरी

३. मा. चक्र प्रसाद स्नेही

४. मा. भैरव सुन्दर श्रेष्ठ

५. मा. विमला राई पौड्याल

६. मा. उदया शर्मा/पौडेल

७. मा. रामनारायण विडारी

८. मा. भगवती न्यौपाने

९. मा. शेर बहादुर कुँवर

१०. मा. इन्दु कडरिया

११. मा. तुलसा कुमारी दाहाल

त्यसपछि सम्माननीय अध्यक्षले माननीय गृह मन्त्री बालकृष्ण खाणलाई माननीय सदस्यहरूले उठाएका जिज्ञासाका सम्बन्धमा प्रस्ट पार्नका लागि समय उपलब्ध गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले **विधायन व्यवस्थापन समिति**का माननीय सभापति **परशु राम मेघी गुरुङ**लाई **"स्टाण्डर्ड नाप र तौल (पाँचौं संशोधन) विधेयक, २०७६ सम्बन्धी समितिको प्रतिवेदन"** लाई सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट **माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्की**लाई **विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७६ माथि छलफल गरियोस्"** भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले **विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७६"** माथि छलफल प्रारम्भ भएको जानकारी गराउनुभयो। उहाँले छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा जानकारी गराउनु हुँदै उक्त छलफलमा बोल्न चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनु हुँदा निम्न बमोजिमका माननीय सदस्यहरूले भाग लिनुभयो :

१. मा. उदया शर्मा/पौडेल
२. मा. कोमल वली
३. मा. जितेन्द्र नारायण देव
४. मा. रामनारायण विडारी
५. मा. डा. विमला राई पौड्याल

त्यसपछि सम्माननीय अध्यक्षले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीलाई समय उपलब्ध गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले **"नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७६"** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या **१ देखि ५२** सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले **सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा**का तर्फबाट **माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्की**लाई **"नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७८**

**लाई पारित गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा "**नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७८"** सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट **माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्की**लाई **विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७६ माथि छलफल गरियोस्"** भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले **विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७६"** माथि छलफल प्रारम्भ भएको जानकारी गराउनुभयो। उहाँले छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा जानकारी गराउनु हुँदै उक्त छलफलमा बोल्न चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनु हुँदा माननीय जितेन्द्र नारायण देवले भाग लिनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीलाई समय उपलब्ध गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले **"नेपाल हवाई सेवा प्राधिकरण विधेयक, २०७६"** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या **१ देखि ५८** सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले **सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा**का तर्फबाट **माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्की**लाई **"नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७८ लाई पारित गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा "**नेपाल नागरिक उड्डयन प्राधिकरण विधेयक, २०७८"** सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले पूर्व प्रतिनिधि सभा सदस्य **अकबरबहादुर सिंह**को निधन भएकामा निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुभयो :

**"शोक प्रस्ताव**

२०४८ सालको प्रतिनिधि सभा सदस्य अकबरबहादुर सिंहको ९० वर्षको उमेरमा मिति २०७८ साल साउन १५ गते शुक्रवारका दिन निधन भएकोमा राष्ट्रिय सभाको यो बैठक गहिरो शोक प्रकट गर्दछ।

स्व. सिंह नेपाली काँग्रेसको तर्फबाट प्रतिनिधि सभा सदस्य हुनुहुन्थ्यो।

यो बैठक स्व. अकबरबहादुर सिंहप्रति श्रद्धाञ्जली व्यक्त गर्दै शोक-सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछ।"

त्यसपछि सम्माननीय अध्यक्षले उपर्युक्त शोक प्रस्तावलाई पारित गरिदिन अनुरोध गर्नु हुँदा सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो।

सभाले पूर्व प्रतिनिधि सभा सदस्य **अकबरबहादुर सिंह**को निधनप्रति शोक व्यक्त गर्न उठेर एक मिनेट मौन धारण गर्‍यो।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **मिति २०७८ साल साउन २० गते बुधवार दिनको १:०० बजे** बस्ने गरी दिनको २:२० बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव

**संघीय संसद**

**राष्ट्रिय सभा**

**नवौं अधिवेशन**

**बैठक -७**

**सूचनापत्र -२**

**(बैठकको कारबाहीको सङ्क्षिप्त विवरण)**

*बैठक प्रारम्भ : दिनको १:०० बजे*

*बैठक अन्त्य : दिनको ३:२८ बजे*

**२०७८ साउन २०, बुधवार**

---

संघीय संसद,राष्ट्रिय सभाको नवौं अधिवेशनको सातौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा दिनको १:०० बजे प्रारम्भ भयो।

सर्वप्रथम सम्माननीय अध्यक्षले **शून्य समय**मा बोल्नका लागि माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँदा निम्न बमोजिमका माननीय सदस्यहरू बोल्नुभयो :

**माननीय उदया शर्मा/पौडेल**ले ट्याक्सीहरू मिटरमा चल्नुपर्ने र ट्याक्सी चालकहरूलाई मर्का नपर्ने तथा यात्रुलाई सुलभ सेवा उपलब्ध हुने गरी नियमन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय कविता बोगटी**ले भारतीय सुरक्षा बलले तुइन काटिदिँदा महाकाली नदीमा बेपत्ता भएका दार्चुलाका जयसिंह धामीका विषयमा छानबिन गर्न संसदीय समिति गठन गर्न र पीडित परिवारलाई क्षतिपूर्ति दिन सरकारसँग माग गर्नुभयो।

**माननीय कोमल वली**ले कलाकार पल्पसा डङ्गोलको उपचारका लागि राज्यले सहयोग गर्नुपर्ने माग गर्नुभयो।

**माननीय खिम कुमार वि.क.** ले नेपालमा कोभिड-१९ विरुद्धको खोप आपूर्तिमा सहजता भए पनि व्यवस्थापकीय प्रक्रिया झन्झटिलो भएकाले सुधार गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय खिम लाल देवकोटा**ले सिन्धुपाल्चोक जिल्लामा मेलम्ची नदीले ताण्डव मच्याइरहेकाले तीन तहका सरकारबिच समन्वय गरी राहत उपलब्ध गराउन माग गर्नु हुँदै मौलिक हकसम्बन्धी बन्न बाँकी ऐनहरू शीघ्र बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

**माननीय चक्र प्रसाद स्नेही**ले सुकुमवासी आयोग विघटन गरेकामा वर्तमान सरकारप्रति आपत्ति प्रकट गर्नुभयो।

**माननीय जग प्रसाद शर्मा**ले शैक्षिक श्रमिकहरूको जीविका निर्वाह हुने तलब सुविधाको व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

शून्य समयको समाप्तिसँगै सम्माननीय अध्यक्षले **विशेष समय**मा बोल्नका लागि दलीय आधारमा निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**माननीय अनिता देवकोटा**ले भारतीय सुरक्षा बलले तुइन काटिदिँदा महाकाली नदीमा बेपत्ता भएका दार्चुलाका जयसिंह धामीका विषयमा छानबिन गर्न, भारतीय उच्च तहसँग छलफल गर्न र पीडित पक्षलाई उचित राहतको व्यवस्था गर्नुपर्ने बताउनु हुँदै जाजरकोटमा नागरिकलाई डोरीले बाँधेर कुट्ने वडाध्यक्षलाई कारबाहीको माग गर्नुभयो।

**माननीय खिम लाल भट्टराई**ले अदालतको निर्णयले दलीय व्यवस्था र संसदीय प्रणाली तथा लोकतन्त्रको धज्जी उडाएको र वर्तमान सरकारको आगमनसँगै अपराधी खुसी तथा जनता दुःखी हुने अवस्था सिर्जना भएको बताउनु हुँदै अघिल्लो सरकारले व्यवस्था गरेको खोपलाई समेत वर्तमान सरकारले व्यवस्थित रूपमा नागरिकलाई उपलब्ध गराउन नसकेको आरोप लगाउनुभयो।

**माननीय नारायणकाजी श्रेष्ठ**ले भारतीय सुरक्षा बलले तुइन काटिदिँदा महाकाली नदीमा बेपत्ता भएका दार्चुलाका जयसिंह धामीका विषयमा भारतीय पक्षले सार्वजनिक माफी माग्नुपर्ने, दोषीलाई कारबाही गर्नुपर्ने र पीडित परिवारलाई यथाशीघ्र राहतको व्यवस्था गर्न माग गर्नुभयो।

**माननीय इन्दु कडरिया**ले राष्ट्रिय सभालाई राजनीतिक आरोप प्रत्यारोप गर्ने थलोका रूपमा नभई राष्ट्रिय नीति र जनताका आवाजका विषयमा छलफल गर्ने र सम्बोधन गर्ने थलोका रूपमा उपयोग गर्नुपर्ने माग गर्नुभयो।

**माननीय शेखर कुमार सिंह**ले विगतमा मधेसवादी दलहरूमाथि लगाइएका झुटा मुद्दाहरू झुटा भनी प्रमाणित भइसकेको बताउनु हुँदै ती मुद्दा फिर्ता लिन वर्तमान सरकारसँग आग्रह गर्नुभयो।

**माननीय सिंग बहादुर विश्वकर्मा**ले सिन्धुपाल्चोकको हेलम्बु लगायतका क्षेत्रमा बाढी र पहिरोले सडक र पुल भत्काउनाका साथै जनजीवन कठिन बनाएकाले तत्काल वैकल्पिक सडकसहितको बेलिब्रिज सञ्चालनमा ल्याउन र भीमखर्क-पहिरोको अध्ययन गरी क्षति न्यूनीकरण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले आरक्षणका विषयमा अदालतले गरेको निर्णयले उत्पीडित वर्गको संवैधानिक अधिकारको कुठाराघात भएको दाबी गर्नुभयो।

**माननीय ठगेन्द्र प्रकाश पुरी**ले सुकुमवासी आयोग विघटन गरी सरकारले समस्या समाधान गर्न खोजेको वा थप बल्झाउन भन्ने प्रश्न राख्नु हुँदै वैदेशिक रोजगारीका क्रममा विदेशमा निधन भएका नेपालीहरूको शव यथाशीघ्र नेपाल ल्याउने व्यवस्था गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले सङ्घीय संसद्मा विचाराधीन विधेयकका विषयमा समेत ध्यानाकर्षण गराउनुभयो।

**माननीय राम लखन चमार**ले अदालतका निर्णय र काम कारबाहीका विषयमा बेला बेलामा राष्ट्रिय सभामा छलफल गर्नुपर्ने र अदालतलाई समेत जनउत्तरदायी बनाउनुपर्ने संवैधानिक व्यवस्था हुनुपर्ने माग गर्नुभयो।

**माननीय गोपी बहादुर सार्की आछामी**ले भारतीय सुरक्षा बलले तुइन काटिदिँदा महाकाली नदीमा बेपत्ता भएका दार्चुलाका जयसिंह धामीका विषयमा छानबिन गर्न, भारतीय उच्च तहसँग छलफल गर्न र पीडित पक्षलाई उचित राहतको व्यवस्था गर्नुपर्ने बताउनु हुँदै जाजरकोटमा नागरिकलाई डोरीले बाँधेर कुट्ने वडाध्यक्षलाई कारबाहीको माग गर्नुभयो।

**माननीय भगवती न्यौपाने**ले सुकुमवासी आयोगको विघटन सम्बन्धमा आपत्ति प्रकट गर्नु हुँदै वर्तमान सरकारप्रति विभिन्न विषयमा कटाक्ष गर्नुभयो।

**माननीय रमेश जंग रायमाझी**ले वैदेशिक रोजगारीमा जानेलाई यथाशीघ्र खोपको व्यवस्था हुनुपर्ने, विगतको सरकारले नेपाललाई तुइनमुक्त बनाउने घोषणा गरे पनि उक्त घोषणा पूरा नगरेको, जयसिंह धामी घटनाको सत्यतथ्य छानबिन गर्नुपर्ने जस्ता विषयमा उठान गर्नुभयो।

विशेष समयको समाप्तिसँगै सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट **माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्की**लाई **"अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तीसौं वार्षिक प्रतिवेदन, २०७६/०७७"** सभा समक्ष पेस गर्न समय उपलब्ध गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले **"विद्युत् विधेयक, २०७७"** माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यबाट विरोधको सूचना प्राप्त नभएको जानकारी गराउनु हुँदै **माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री पम्फा भुसाल**लाई **"विद्युत् विधेयक, २०७७"** सभा समक्ष समय उपलब्ध गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट **माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्की**लाई **विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "तथ्याङ्क विधेयक, २०७६ माथि छलफल गरियोस्"** भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले **विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "तथ्याङ्क विधेयक, २०७६"** माथि छलफल प्रारम्भ भएको जानकारी गराउनुभयो। उहाँले छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा जानकारी गराउनु हुँदै उक्त छलफलमा बोल्न चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनु हुँदा निम्न बमोजिमका माननीय सदस्यहरूले भाग लिनुभयो :

१. माननीय खिम लाल देवकोटा  २. माननीय कोमल वली  ३. माननीय ठगेन्द्र प्रकाश पुरी

त्यसपछि सम्माननीय अध्यक्षले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीलाई समय उपलब्ध गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले **"तथ्याङ्क विधेयक, २०७६"** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या **१ देखि ३५** सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले **सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा**का तर्फबाट **माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्की**लाई **"तथ्याङ्क विधेयक २०७८ लाई पारित गरियोस्"** भन्ने प्रस्ताव

प्रस्तुत गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा **"तथ्याङ्क विधेयक, २०७८"** सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट **माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्की**लाई **विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६ माथि छलफल गरियोस्"** भन्ने प्रस्ताव पेस गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले **विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६"** माथि छलफल प्रारम्भ भएको जानकारी गराउनुभयो। उहाँले छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा आनुषङ्गिक अन्य दफाहरूमा मात्र छलफल गर्न सकिने बेहोरा जानकारी गराउनु हुँदै उक्त छलफलमा बोल्न चाहनु हुने माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनु हुँदा निम्न बमोजिमका माननीय सदस्यहरूले भाग लिनुभयो :

१. माननीय खिमलाल देवकोटा
२. माननीय रामनारायण विडारी
३. माननीय कोमल वली
४. माननीय ठगेन्द्र प्रकाश पुरी
५. माननीय उदया शर्मा/पौडेल
६. माननीय डा. विमला राई पौड्याल

त्यसपछि सम्माननीय अध्यक्षले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्कीलाई समय उपलब्ध गराउनुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले **"योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७६"** का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनको क्रम सङ्ख्या **१ देखि ८** सम्म उल्लिखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा **बहुमत**ले स्वीकृत भएको घोषणा गर्नुभयो।

त्यसपछि सम्माननीय अध्यक्षले **सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवा**का तर्फबाट **माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री ज्ञानेन्द्र बहादुर कार्की**लाई **"योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७८ लाई पारित गरियोस्"** भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनु भई उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नु हुँदा **"योगमाया आयुर्वेद विश्वविद्यालय विधेयक, २०७८"** बहुमतले पारित भएको घोषणा गर्नुभयो।

तदनन्तर सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **मिति २०७८ साल साउन २२ गते बुधवार दिनको १:०० बजे** बस्ने गरी दिनको अपराह्न ३:२८ बजे बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव